# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालीगण्डकी गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालीगण्डकी गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालीगण्डकी गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

पूर्तिघाट, गुल्मी ।

१. **कैफियत सहितको राय —** हामीले कालीगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ५ करोड ६१ लाख ५८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३१ लाख २६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १५ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ४२ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ७२ लाख २१ हजार समेत रु. ५ करोड ३० लाख ३२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म सम्परीक्षण पश्चात रु. १० करोड ६५ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५

करोड ९५ लाख ९८ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

कालीगण्डकी गाउँपालिका,

गुल्मी,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८६ | ५४ | ५६१५८ | ० | १५ | ३१२६ | ८६ | ३९ | ५३०३२ | १५३६ | ४७२२१ | ४२७५ | ० | ० | ५१४९५ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | १२५०३३ | ० | १८४८८ | १०६५४५ | २१ | ५३०३२ | १५९५९८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | ७.७ | राजस्व दाखिला | १,१२,९३२।७० |
| २ | २०७९।८० | ८ | दहत्तर बहत्तर शुल्क | ९,४८०।- |
| ३ | २०७९।८० | ९ | भक्तानीमा कर | ४५,०८५।- |
| ४ | २०७९।८० | ३५ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | ९०,५८८।- |
| ५ | २०७९।८० | ३६ | घर भाडा | ३,५०४।- |
| ६ | २०७९।८० | ५१ | विजक पेश नभएको | १०,०००।- |
| ७ | २०७९।८० | ५४ | नन्फाइलर | १४,७५,१२३।- |
| ८ | २०७९।८० | ५७.२ | परामर्श सेवा | १२,९६७।- |
| ९ | २०७९।८० | ६१ | बढी भुक्तानी | ९,०१८।- |
| १० | २०७९।८० | ६२ | विद्यालयलाई लाईब्रेरी व्यवस्थापन | ६,५०,०००।- |
| ११ | २०७९।८० | ६५.३ | दिवा खाजा | १,०४,१३०।- |
| १२ | २०७९।८० | ६६.१ | बढी तलब भुक्तानी | ४,६५४।- |
| १३ | २०७९।८० | ६६.२ | बढी तलब भुक्तानी | २,४४९।- |
| १४ | २०७९।८० | ६६.३ | बढी तलब भुक्तानी | २७,०५३।- |
| १५ | २०७९।८० | ७१.२ | शिक्षण सहयोग | ४,५५,८८०।- |
| १६ | २०७९।८० | ७७ | कर्मचारी तालिम कार्यक्रम | ९,४५०।- |
| १७ | २०७९।८० | ७९ | पाठ्यपुस्तक वितरण | ८५,२२५।- |

| | | | | |
|---|---|---|---|---|
| १८ | २०७९।८० | ८५.३ | सामाजिक सुरक्षाः लगत कट्टा | १८,२६७।- |
| **चालु वर्षको जम्मा** | | **३१,२५,८०५।७०** | | |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | **२०७८।७९** | ८.२ | १५ सैयाको अस्पताल भवनः पेश्की रकम जोखिममा — पेश्की फस्यौंट | १,२२,००,०००।- |
| २ | **२०७८।७९** | १३.५ | पकेट कार्यक्रममा बढी भुक्तानी — असुल | २,९७,३७२।- |
| ३ | **२०७८।७९** | १४.१ | दाखिला गर्न बाँकी कर - असुल | ५,७३,००४।- |
| ४ | **२०७८।७९** | ३३.१ | दिवा खाजा — प्रमाण पेश | ५,४१८,२१५।- |
| **गत विगतको जम्मा** | | **१,८४,८८,५९१।-** | | |
| **कुल जम्मा** | | **२,१६,१४,३९६।७०** | | |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२१ देखि २०८०।०५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु.५९९५९६६५४।-, राजश्वतर्फ रु.६७९९१८६।-, धरौटीतर्फ रु.१३४८००६।-, गरी जम्मा रु.६५६७६३३३५।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८८१०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वडा नं. ३ को दाखिला हुन बाँकी राजस्व दाखिला | ८८१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्ता नीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,०१,०२,२३४।-एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,६९,५३,५९६।१६ , र अन्य रु.८९,५७,९७९।-समेत गरी रु. १४६०१३८०९।-सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब —**यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२७२६९१।८० , यस वर्षको प्राप्ति रु.१५५०७२६०८।४९, यस वर्षको भुक्तानी रु.१५६७१६०२१।०५ र बैङ्क मौज्दात रु.१९१६१०४।३१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३३४९३९०९।९० | ४६८४६९५०८।३९ | ४८०३२३८३१।७५ | २१६३९५८६।५४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३३२२१२१८।१० | ६२३५४२११६।९० | ६३७०३९८५२.८ | १९७२३४८२।२३ |
| फरक | २७२६९१।८० | १५५०७२६०८।४९ | १५६७१६०२१।०५ | १९१६१०४।३१ |

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ७,४३,१६,८०३।-मौज्दात रहेकोमा यो वर्ष रु.३३२२१२१८।-जिम्मेवारी सारेको छ । सो रकम मध्ये रु.४०७६२०९४।—गत बर्षको शशर्त वजेटको फिर्ता पठाउनुपर्ने रकम पालिकाले फिर्ता खर्च लेखेको पाईएकोमा बाँकि रु.३३३४९१।—भुक्तानी दिन बाँकि चेक भएको जनाएको छ । यसरी कुन कुन र के कसको रकम वापतको चेक बाँकि हो यकिन नभएकोले घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| प्रमाण पेश नगरेको | ३,३३,४९१ |
|---|---|

२.४ **घटी बैंक मौज्दातः** यस बर्षको पालिकाको संचित खातामा रु.१४४९२६६०।४३ मौज्दात भएकोमा बैंक खातामा रु.१४४९४१६०।४३ मात्र बर्षान्तमा मौज्दात देखिएकोले रु.१५००।—फरक परेको देखिएको छ । सो सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ, रु.

| प्रमाण पेश नगरेको | १,५०० |
|---|---|

## ३ बजेट तथा कार्यक्रम

३.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमाउपाध्यक्ष/उप प्रमुख श्री मञ्जु कुमारी दर्लामीले मिति२०७९।०३।१०गते रु. ५२करोड ७८ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति२०७९।०३।२७।मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.३ **बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट तथा कार्यक्रम तर्जुमा** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक खर्च** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **असार महिना** |
| १ | पुजिगतखर्चतर्फ | १३७६०७४७२ | ८२८४५६८ | २१९२९२११ | १०७३९३६९३ | ६३६२४९३९ |
| २ | प्रतिशत | ८१.११% | ४.८८% | १२.९२% | ६३.३०% | ३७.५०% |

पालिकाले त्रैमासिक विवरण पेश गरेको छैन तर उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१३७६०७४७२।-निकासा भएकोमा प्रथम चौमासिकमा रु.८२८४५६८।-अर्थात ४.८८ प्रतिशत, दोश्रो चौमासिकमा रु.२१९२९२११।-,अर्थात १२.९२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१०७३९३६९३।-, अर्थात ६३.३० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६३६२४९३९।—अर्थात ३७.५० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको

देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| | **मुख्यक्षेत्र** | **बार्षिकबजेट** | **खर्चरकम** | **कुलखर्च मध्ये प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०५५०००० | ४२३७९४९६.०० | ८.८४ |
| २ | सामाजिकविकास | २७८१६५००० | २४५९०६५२२.०० | ५१.२८ |
| ३ | पुर्वाधारविकास | ९३०९९००० | ६८४९३७६४.०० | १४.२८ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धी क्षेत्र | ३२१३०००० | २९२७५३७२.०० | ६.११ |
| ५ | कार्यालयसन्चालन तथा प्रशासनिक | १०४१५६००० | ९३४४०७६५.७५ | १९.४९ |
| **जम्मा** | | **५५८१००००००** | **४७९४९५९१९.७५०** | **१००.००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिकविकासमा सबैभन्दा बढी ५१.२८ प्रतिशत रसुशासन तथा अन्तरसम्बन्धी क्षेत्रमा सबै भन्दा घटीमा६.११ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३.७ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु३४४७०८१६।८५ राजस्व बाँडफाँड र अनुदानबाट रु४५८६६३०८०।२३समेत रु ४९३१३३८९७।०८ आम्दानी भएकोमा चालु तर्फ रु४६३४९०६८१।७५ र पूँजिगत तर्फ रु१३८६७१७०१।-समेत रु५९९५९६६५३।८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७२९०४८०।-खर्च भएको छ जुन आन्तरिक आयको २१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.३ प्रतिशत चालु र २२.७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.८ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन

गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १० लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|---|
| १०० | १०५ | ३० | २० | १२ | २६७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि १० लाखभन्दा बढीको जम्मा २६७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको खरिद व्यवस्थापन तर्फ

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):-कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत
• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको
• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु

पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि फस्यौंट भएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत फस्यौंट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ३१ जना करार नियुक्ति गरी करार कर्मचारीलाई पारिश्रमिक,चाडपर्व खर्च, पोशाक भत्ता वापत बर्षभरीमा रु. १०२७७८०९।- भुक्तानी गरेको अनियमित दिखएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०२,७७,८०९ |

६.३ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले यस बर्ष कर्मचारीको अतिरीक्त प्रोत्साहन भत्तामा रु. ७५५०००।- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाले प्रोत्साहन खर्चको लागि सूचकहरु तोकि सोको आधारमा तथा ई-हाँजिरी समेत अद्यावधिक गर्नुपर्ने र यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ७ कर दस्तुर एवं आन्तरिक आय

७.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३६३००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु..६७९९१८६.८७/- अर्थात अनुमान भन्दा८७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

७.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५३५६४०९० | ३४४७०८१६.८५ | १४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७.३ **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शिर्षक | अनुमान | असुली | असुलीप्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | ५००००० | १२५०००० | २५०.०० |
| बहाल कर | ५००००० | १५०००० | ३०.०० |
| सिफारिस दस्तुर | २००००० | १२५०००० | ६२५.०० |
| व्यक्तिगत घटनादर्ता दस्तुर | ५००००० | ८५०००० | १७०.०० |
| नाता प्रमाणितदस्तुर | १००००० | १५०००० | १५०.०० |
| व्यवसाय रजिष्ट्रेशनदस्तुर | ५००००० | ४९८७९८ | ९९.७६ |

| | | | |
|---|---|---|---|
| अन्य राजश्व | १३६०००० | २६५०३८८.८७ | १९४.८८ |
| **जम्मा** | **३६६००००** | **६७९९१८६.८७** | **१८५.७७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.४ **स्थानीय तहरूको विभाज्य कोष —** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.५ **राजस्व अभिलेख** :कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.६ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्षपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.७ **राजस्व दाखिला**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १,१२,९३२।७० सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

७.८ **मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.९ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४९८७९८।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छुन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छुन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **दहत्तर बहत्तर शुल्क**

कालीगण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०७९।०८० को अनुसूची ३(२३) मा नदीजन्य पदार्थको विक्री शुल्क प्रति टेक्टर रु. ७००।— र प्रति ट्रिपर रु. १८००।— दर निर्धारण गरिएकोमा नदीजन्य पदार्थको विक्री मुल्य सो दर भन्दा कम भएकोले कम असुली भएको राजस्व रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि.नं. | वडा नं. | जिम्मेवार व्यक्ति | विक्री परिमाण | भएको दर | हनुपर्ने दर | आम्दानी | नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | पूर्ण बहादुर थापा | बालुवा १६५ ट्रेक्टर | ६६० | ७०० | १०८९०० | ६६०० |
| | | | बालुवा ८ ट्रिपर | १५०० | १८०० | १२००० | २४०० |
| **जम्मा** | | | | | | | **९,०००** |

****.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ९,४८०।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ९,००० |
|---|---|

९ **भुक्तानीमा कर**

****.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ४५,०८५।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ० |
|---|---|

१० **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी

हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१२ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१३ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१४ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ३ वटा सफ्टवेयर खरिद गरी रु. १२०००००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **कानून निर्माण एवं कार्यान्वयन**

१६.१ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ४ वटा नियमावली, १२ कार्यविधि, निर्देशिका १, वास प्लान १ लगायत २६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि सम्पूर्ण कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २५ र यो बर्ष थप भएको १० गरी कुल ३५ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई २५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन

सक्ने व्यवस्था अनुसार ८ वटा ऐन, ४ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ९१० |
| मृत्युदर्ता | १५८ |
| बसाईसराई दर्ता | १८६ |
| विवाह दर्ता | २४० |
| सम्बन्धविच्छेद दर्ता | १३ |
| पूर्वाधार विकास सडक निर्माण | ० |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ११०.६८६ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

## १८ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । कुशल र छरीतो कार्यसम्पादनको लागि रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ३ | ४ |

सैद्धान्तिक बेरुजु

## १९ पदाधिकारी सुविधा

१९.१ **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७२९०४८०।- सुविधा वापत भुक्तानी भएको छ ।

| **क्र. स** | **विवरण** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडा अध्यक्ष** | **कार्यपालिकासदस्य ५** | **सभाका सदस्य२४** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता | | | | | | १७५००० |
| २ | यातायातखर्च | ० | १४४००० | ८४०००० | ३६०००० | ८६४००० | २२०८००० |
| ३ | टेलिफोन/मोवाईल | ४२००० | ३६००० | २५२००० | १८०००० | ७२०००० | १२३०००० |
| ४ | पुस्तकपत्रिका र इन्टरनेट | ४८००० | ४८००० | २५२००० | १८०००० | ५७६००० | ११०४००० |
| ५ | समन्वय तथा सहजीकरण (जनसम्पर्क विशेष कार्यसुविधा) | १२०००० | ९६००० | ५०४००० | ३००००० | ८६४००० | १८८४००० |
| ६ | अतिथिसत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी/ /सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ८ | चाडपर्वखर्च | ० | ० | ० | ० | ० | ० |
| ९ | सवारीइन्धन | १४४००० | ० | ० | ० | ० | १४४००० |
| १० | मोविल | १२४८० | ० | ० | ० | ० | १२४८० |
| ११ | विधुत | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| **जम्मा** | | **५५८४८०** | **५०४०००** | **२१८४०००** | **१०२००००** | **३०२४०००** | **७४६५४८०** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९.२ **स्वकीय सचिवः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ लुम्बिनी प्रदेशमा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने

उल्लेख छ । तर पालिकाले अध्यक्षको स्वकीय सचिवको रुपमा श्री पुस राकस र उपाध्यक्षको स्वकीय सचिवको रुपमा श्री तिल बहादुर दर्लामीलाई नियुक्त माघ देखि असारसम्मको पारिश्रमिक वापत रकम रु.१,९८,०००।-भुक्तानी गरेको छ । ऐनमा व्यवस्था नभएको उक्त सुविधा रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९८,००० |

२० **बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३८६७१७०१।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२५६००००।-खर्च गरेको छ । पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **गतको चालु खर्चको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश खर्च रकम मध्ये (क) तलब (स्वीकृत दरवन्दीको), (ख) महङ्गी भत्ता र स्थानीय भत्ता, (ग) सरुवा भ्रमण खर्च, (घ) घर भाडा, (ङ) पोशाक, खाद्यान्न, औषधि उपचार, विरामी र बन्दीको सिधा (च) सेवा निवृत्त सुविधा, र (छ) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था रहेको छ । तर पालिकाले निम्नानुसारको गो.भौ.नं. र मितिमा नियमावलीको उक्त प्रावधान विपरित नियमावलीले तोकेका भन्दा फरक प्रकृतिका गत वर्षका चालु खर्च रकमहरू यस आ.व.मा रु.२,२१,४७०।- भुक्तानी गरेकोले नियमसम्मत नभएको रु.

| सि.नं. | मिति | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|---|
| १ | २०७९।०६।१२ | १३ | इलाका प्रहरी कार्यालय, रिडीको सवारी मर्मतको विल भुक्तानी | ५१९९८।- |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७९।०६।१२ | २४ | सवारी इन्धन वापत जय शक्ति स्टोर्सलाई भुक्तानी | १६९४७२।- |
| **जम्मा** | | | | **२२१४७०।-** |

| | |
|---|---|
| अनियमित भएको | २,२१,४७० |

२३ **कृतिम गर्भाधान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत औषधि खरीद गरेको भनि विन्दवासिनी एग्रोभेट सेण्टरलाई विबिन्न गो.भौ. र मितिबाट रु.२५००००।-भुक्तानी खर्च देखाएको छ । पालीकाको बार्षिक विवरण परीक्षण गर्दा यस बर्ष कृषकलाई सो सुविधा प्रदान गरेको आधिकारीक तथ्याङ्क उपलव्ध गराएको छैन ।यसरी कृषकहरुलाई आर्थिक बर्षभर सेवा प्रदान गर्ने गरी विनियोजित वजेट खर्च गरेतापनि कृषकले पर्याप्त सेवा नपाएको देखिन्छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु.१६३१७३१।-मुल्य बराबरका विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी नियमावलीको उपरोक्त प्रावधान विपरित सोझै खरिद गरेकोले पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम बोलपत्र वा दरभाउपत्रको माध्मयद्धारा खरिद कार्य गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **सक्कल बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं १६८।२०७९।०९।२८ मा समाज सेबी ओम बहादुर ठकुरी क्षेत्रीको नाममा भ्रमण खर्च वापत रु.४०,०००।-भुक्तानी गरेको छ । पेश भएको भ्रमण बिलमा पेश भएको हवाई बोर्डिङ पासमा मिति र फ्लाइट नं हातले लेखेको र भ्रमण विल प्रमाणित नभएकोले भ्रमण खर्च अनियमित देखिएको रु. प्राप्त गर्ने योग्यता, दर तोकिए बमोजिम भए नभएको;

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

२६ **तलवी प्रतिवेदन**

स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारीत गरेर मात्रै तलव भत्ता लेख्नुपर्ने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवा तर्फ विभिन्न पदमा स्विकृत दरवन्दि ३७ जना रहेकोमा पाईयो । पालिकाले सो वाहेक करारमा ६ जना समेत राखि कार्यरत रहेको पाईयो । पालीकाले सो अनुसार कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सुविधा खर्च लेख्दा तलवी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्नुपर्नेमा यस बर्ष तलवी प्रतिवेदन पारीत नगरी रु.२२१८५४१३।-खर्च गरेको छ । जसले गर्दा स्थायी कर्मचारी मध्ये कुन कुन कर्मचारी दरवन्दि भित्रको हो र निजले कति ग्रेड वरावरको सुविधा उपभोग गर्ने हो सो सम्वन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन । त्यस्तै काजमा कार्यरत कर्मचारीहरु मध्ये कस-कसको दरवन्दि कहाँ हो र निजको तलवी प्रतिवेदन कुन निकायबाट पारीत भएको छ, यकिन छैन । यसरी खर्च गर्ने आधार विना नै खर्च भएको पाईएकोले तलवि प्रतिवेदन पारित गरेर मात्र खर्च गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले पूर्तिघाट आयुर्वेद औषधालयका कार्यालय सहयोगी (पाँचौ) ऋषिराम शर्मालाई २०७६।६।१४ देखि २०७९।१०।१सम्मको मासिक २ ग्रेडको (रु.२९३८।-) छुट भएको रकम जनाई गो.भौ. ५९।०७९।१०।१८ बाट रु.६५४००।—भुक्तानी दिएको छ । साथै सो अवधी पश्चात पुन छुट ग्रेड जनाई मासिक थप २ ग्रेडका दरले माघ देखि आषाढसम्म रु.१९३९१।—भुक्तानी दिएको छ । यसरी छुट ग्रेड जनाई बार्षिक जम्मा रु.८४७९१।—बढी भुक्तानी दिएकोमा निजले पेश गरेको विवरण परीक्षण गर्दा सो रकम पाउने कुनै आधार देखिदैन । अतः सो रकम पाउने थप आधार पेश हुने, अन्यथा सम्वन्धितबाट असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,७९१ |

२८ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.२५६००००।-रकम विनियोजन र खर्च गरेको पइईयो । पालिकाले यस बर्ष विनियोजित रकम रु.३००००००।—बाट तोकिएअनुसारको नयाँ तालिम ८१ जनालाई निरन्तरता तालिम ४० जनालाई दिई रु.२८५९९८५।—खर्च गरी देहाय अनुसारको प्राविधिक सिपमूलक तालीम संचालनको साथै प्रविधी हस्तान्तरण समेत गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **चालू शिर्षकबाट पुंजीगत प्रकृतिको खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा

समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजीगत खर्च चालु शीर्षकबाट भुक्तानी दिएको पाईयो । यसका उदाहरणहरू देहाय बमोजिम छन् ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ३० विपद व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले पालिकाभित्र आवश्यक विपद व्यवस्थापन गर्नको लागि आवश्यक कार्यविधि तयार गरी खर्च गर्नसक्ने व्यवस्था छ। पालिकाले हालसम्म पनि विपद व्यवस्थापन कोष संचालन कार्यविधि तयार गरिएको पाइएन ।पालिकाले कालीगण्डकी गा.पा-१ बस्ने कुलानन्द पाण्डेलाई सम्बन्धित वडाको सिफारिस, प्रहरी मुचुल्कामा गोठमा क्षति पुगे बापत रकम उपलब्ध गराउने भनिएकोमा कार्यपालिकाको निर्णयानुसार निज कुलानन्द पाण्डेलाई घर निर्माण गर्न भनि रु. ९९,७००।-राहत उपलब्ध गराएकोले मुचुल्का विपरित र कार्यविधि बेगर भुक्तानी गरेको रकम अनियमित देखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,७०० |

### ३१ जिन्सी मौज्दात

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक्ताको पहिचान गरेर सोही आधारमा जिन्सी सामान खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले आवश्यक्ता र प्रयोजन नखुलाई जेष्ठ नागरिक, बालबालिका, एकल महिला विकास कार्यक्रमबाट रु.२,२३,०८८।-मूल्य बराबरको १४० थान लाइट र १४० थान थर्मस खरिद गरी जिन्सी मौज्दात राखेको छ ।लाभग्राहीलाई सामान वितरण नगरी मौज्दात रहदाँ सामान हराउने,नासिने तथा सामानको गुणस्तरमा ह्रास समेत आउने हुनाले आवश्यक्ताको आधारमा खरिद गरी प्रयोगमा ल्याउनु पर्दछ । जिन्सी सामान आवश्यक्ताको आधारमा खरिद गर्ने र सो लाभग्राहीमा समयमै वितरण गर्ने कार्यमा पालिकाबाट नियन्त्रण हुनुपर्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ३२ रकमान्तर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधीनमा रही कुनै शिर्षकबाट २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कर्मचारी पारिश्रमिक खर्च शिर्षकबाट गाँउसभा सञ्चालन तथा विषयगत समितिको बैठक खर्च वापत रु.५,००,०००।-(पाँच लाख मात्र) कार्यपालिकाको मिति २०८०।०२।१८ मा निर्णय गरी गाँउसभामा सञ्चालन भएको खर्च, खाना, खाजा वापत भुक्तानी गरेको छ । ऐनले तोकेको खर्च शिर्षक विपरित रकमान्तर गरी भुक्तानी खर्च लेखेकोले अनियमित देखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

### ३३ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय

ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.२,२०,३५४ /६८ असुल नगरेकोले सो रकम असूल गरी राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२०,३५४ |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आयठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आयठेक्कामा देहाय अनुसार व्यवसायीबाट रु.४,६९,७७५।—असुल गर्न बाँकी रकममा पालिकाबाट एकिन गरी जरिवानासहित असूल हुनुपर्ने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६९,७७५ |

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १०,५८८।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **घर भाडा**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ३,५०४।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **बढी भुक्तानी**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९६ मा सम्झौता बमोजिमको निर्माण कार्यको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले २००।०८०।२।२८ बाट गोर्खा वेलफेयर ट्रष्ट अन्तर्गत चिउरिबोट खानेपानी उपभोक्ता तथा सरसफाई योजना उपभोक्ता समितिलाई मिति २०७९।१०।१० को सम्झौता अनुसार १० प्रतिशत उपभोक्ताको योगदान रहने उल्लेख गरेकोमा रु.१०५४८७।३८ मा निर्माण कार्य सम्पन्न भएकोमा उपभोक्ताको योगदान रु.१०५४८।— कट्टा गरी रु.९४९३९।-भुक्तानी हुनु पर्नेमा रु.९९८४०।-भुक्तानी गरेकोले उपभोक्ताले व्यहोर्ने अनुपातिक कट्टी नगरेको बढी भुक्तानी भएको रु.४९०१।-अशुल हुनु पर्ने ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०१ |

३८ **बढी भुक्तानी**

कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ मा वितरण गरिने कृषि उपकरण पावर टिलरमा ५० प्रतिशत कृषकको लागत सहभिगता हुनु पर्ने उल्लेख रहेको छ । पालिकाबाट गो.भौ.नं.१६८।०८०।२।१२ बाट

मागमा आधारीत पालिका स्तरीय कृषि औजार तथा मेसिन खरिद कार्यक्रम अन्तर्गत देहायका कृषकलाई डिजेल पावर टिलर ६ थान, पेट्रोल पावर टिलर ३ थान र कम्बाईण्ड राईस मिल ४ थान समेत १३ थान विभिन्न दर रेटमा कृषि औजार रु.७१००००।— मा खरिद गरी विभिन्न निम्न १२ जना व्यक्तीलाई भर्पाई गरी अनुदान स्वरुप मेसिन उपलब्ध गराएकोमा कार्यविधि अनुसार उक्त औजारको खरिद मुल्य रु.७१००००।— को पचास प्रतिशत रु.३५५०००।— मात्र अनुदान भुक्तानी खर्च लेख्नु पर्नेमा शत प्रतिशत भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३५५०००।— सम्बन्धित कृषकबाट अशुल हुनु पर्ने ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१५,००० |

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ३९ अन्य कार्यालय खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको निम्नानुसारको कार्यालयको संचालन खर्च वापत रु.७१,७२०।- भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित देखिदैन ।

| **गो.भौ.नं.।मिति** | **कार्यालयको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १३।२०७९।०६।१२ | इलाका प्रहरी कार्यालय, रिडी | सवारी साधन मर्मत वापत भुक्तानी | ३००००।- |
| ५०।२०७९।०८।०९ | प्रहरी चौकी, पुर्तिघाट | सवारी साधन मर्मत तथा इन्धन खर्च वापत भुक्तानी | २४५४०।- |
| ६८७।२०८०।०३।२२ | प्रहरी चौकी, पुर्तिघाट | सवारी साधन मर्मत तथा इन्धन खर्च वापत भुक्तानी | १७१८०।- |
| **जम्मा** | | | **७१७२०।-** |

| | |
|---|---|
| अनियमित भएको | ७१,७२० |

### ४० शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । कार्यालयले कार्यपालिकाको निर्णयबाट

एकमुष्ट रकमान्तर गरेको जनाएता पनि शीर्षकगत रकमान्तर गरेको देखिएन । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६७,३१५ |

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **गैह्रसरकारी संस्था मार्फत कार्य**

पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्नयसकालीगण्डकी गाँउपालिकाले मिति २०८३।३।१६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७९।०८।१८ मा रु २ करोड८५ लाख ७१ हजार हेफर ईन्टरनेशनल नेपालको लागत सहभागिता र पालिकाको रु. ५ करोड ५० लाख लागत सहभागिता हुने गरी कुल रु.७ करोड ८५ लाख ७१ हजारको ४ बर्षे सम्झौता गरी यो बर्ष रु.५० लाख ४१ हजार र हेफर ईन्टरनेशनलको रु.२९ लाख ४७ हजार समेत कुल रु. ७९ लाख ६८ हजार खर्च भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

४१.१ **कानुनी व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ ।पालिकाले कानुनमा भएको व्यबस्थाको परीपालना नगरी उक्त संस्थासंग सोझै सम्झौता गरेको छ । पालिकाले कानुनमा भएको व्यबस्थाको परिपालना गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१.२ **विल बिजकः** हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको बाख्रा बोका वितरण ,बंगुरको भाले पाठा वितरण, घाँसको विउ वितरण, प्लाष्टीक टनेल वितरण र बाख्रा खोर निर्माण लगायतको कार्यक्रममा रु. ५० लाख ४१ हजार कार्यक्रममा संस्थाले लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २५ प्रतिशत योगदान गर्ने र ७५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले आयमुलक तथा उत्पादनमुलक कार्यक्रममा पनि संस्थाको साझेदारी हुनु पर्नेमा सो नगरी गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१.३ **साझेदार मार्फत कार्यः** पालिका र हेफर नेपाल बीच भएको सम्झौता अनुसार दोस्रो पक्षले स्थानीय साझेदार संस्था मार्फत कार्य गराउन सक्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था कालिगण्डकी कृषि तथा उद्यमशिलता विकास परियोजना गुल्मी मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१.४ **वितरणको भर्पाई नभएको-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा भुक्तानी खर्च लेख्दा खर्च पुष्ट्याई हुने विल भर्पाई सहितको कागजात संलग्न गर्नु पर्ने व्यबस्था रहेको छ । संस्थाले सिद्दार्थ सप्लायर्स पाल्पाबाट रु.४९७२००।— मुल्य बराबरको १०० थान प्लाष्टिक टनेल खरिद गरेकोमा ६ वटा टनेल पदाधिकारीको जिम्मामा रहेकोले वितरण गरेको भर्पाई पेश हुनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१.५ **विमा नगरेको** - सम्झौता अनुसार भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको आधिकारीकविमा कम्पनिबाट विमा गराउनु पर्नेमा वितरण गरिएका ११५ वटा बाख्रा, १४ वटा बोका,बंगुरको पाठा वितरण ६७ वटा र बंगुरको भाले पाठा ७ समेत रु.१५९९६५०।- मुल्य बराबरका वितरण गरिएका २०३ वटा पशुको दोस्रो पक्षवाट यस्तो विमा गराएको पाईएन ।विमा नगरीएको कारणबाट खरिद गरीएका पशुको बास्तविक मुल्य समेत एकिन गर्न सकिएन । भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१.६ **प्राविधिक परीक्षण**-मालिकासाना किसान कृषि सहकारी संस्था लि. मदाने २ बाँझकट्टिबाट प्रति बाख्रा रु.६७००।— का दरले खरिद गरिएका ११५ बाख्रा मध्ये ७८ वटा बाख्राको मात्र प्राविधिक परिक्षण गरिएकोले ३७ वटा बाख्राको भेटेरीनरी परीक्षण नगरी वितरण गरिएकोले वितरण गरिएका बाख्रा स्वस्थ र गुणस्तरयुक्त छन भन्न सकिने आधार रहेन ।संस्थाले बाख्रा वितरण गर्दा प्राविधिक रुपमा उपयुक्त भए नभएको परीक्षण गरेर मात्र बाख्रा वितरण गरिनु पर्दछ । वितरणको लागि खरिद गरिएका ३७ वटा बाख्रा प्राविधिक परीक्षण बेगर वितरण गरिएकोले अनियमित देखिएको रु.२४७९००।-

| | |
|---|---|
| अनियमित भएको | २,४७,९०० |

४१.७ **प्रतिवेदन-** सम्झौता अनुसार दोस्रो पक्ष हेपर ईन्टरनेशनल नेपालले संचालित कार्यक्रमको मासिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन । पालिकावाट समेत प्रतिवेदन पेश गर्न लगाउन पहल गरेको छैन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१.८ **अनुगमन**-सम्झौता अनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन ।अनुगमन नगरेकोले सञ्चालित कार्यक्रमको गुणस्तरीयता र बास्तविकता एवं लक्षीत बर्ग लाभान्वित भए नभएको उपादेयता उपलब्धि सम्बन्धमा वश्लेषण गर्न सकिने आधार रहेन । सम्झौता अनुसार पालिकाबाट अनुगमन मुल्यांकन हुनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४२ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.१७७५०३७।३१ आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **राजस्व एकिन नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८ मा राजस्व आम्दानी र दाखिला तथा नियम ५९ मा राजस्व लेखा अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले काली गण्डकी करीडोरबाट निकासी हुने नदी जन्य पदार्थ ढुंगा,गिटी,बालुवा अमानतबाट निकासी गर्दा प्राप्त हुने राजस्व आम्दानीको लागि वडा नं. ३ का वडा अदक्ष्य श्री रुप बहादुर श्रीसले नगदी रसिदको रसिद नं. २२५०१ देखि रसिद नं. २२६०० सम्मको ठेली थान १ पालिकाबाट बुझेर लगेको र उक्त ठेलीबाट र.नं.२२५०१ देखि २२५०३ सम्म रसिद प्रयोग भई रु.२६४०।– राजस्व आम्दानी देखाएको र उक्त ठेली लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले अन्य बाँकी रसिद प्रयोग भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । साथै प्रयोग भएको ठेली पेश नभएकोले पालिकाबाट यस बर्ष आम्दानी गरेको राजस्व रु.६७९९१८६।-दाखिला गरेको विवरण पेश भएता पनि सम्पुर्ण राजस्व आम्दानी दाखिला गरे नगरेको एकिन हुन नसकिएकोले पालिकाबाट उक्त ठेली प्रयोग भए नभएको सम्बन्धमा एकिन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **सुरक्षित नागरीक आवास**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न सबै वडामा छनौंट भएका मध्ये विभिन्न १९४ जना व्यक्तिहरुसँग सम्झौता गरी प्रथम किस्ता वापत रु-५८२००००।– भुक्तानी गरेकोमा १८९ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले ५ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.१५००००।–अनुदान उपलब्ध गराएकोमा बाँकी रहेको किस्ता भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४५ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्कामा वीमा नै नगराइ निर्माण कार्य गराएकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विमांक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २।०७९।८० | कालीगण्डकी निर्माण सेवा | ४२२०८०२ | विमा नगरेको | निर्माण कार्य बाँकी रहेको |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **भर्पाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा भुक्तानी खर्च लेख्दा खर्च पुष्ट्याई हुने विल भर्पाई सहितको कागजात संलग्न गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले घिमिरे प्लाष्टीक पसल बुटवलबाट रु.४९९२१६।—मा १४५ थान प्लाष्टिक टनेल खरिद गरेकोमा विभिन्न ३६ जना ब्यक्तीलाई ७८ थान टनेल बुझाएको भर्पाई पेश भएकोमा रु.२३०६७२।—मूल्य बराबरको ६७ थान टनेल वितरण गरेको भर्पाई पेश नभएकोले कुन कुन कृषक समुहलाई वितरण गरिएको हो सो को भर्पाई पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३०,६७२ |

४७ **टुक्रा गरि निर्माण कार्य गराएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा बिस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा र बिस लाख सम्म लागत अनुमान भएको निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले साझा सुविधा केन्द्र भवन निर्माणको कार्य लागत अनुमान तयार गरी प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेमा श्री नवप्रगतीशिल कृषि शहकारी संस्था लिमिटेड भवन निर्माण उपभोक्ता समितिद्वारा Earthwork site preparation, Earthwork in Back filling, stone soiling work, reinforcement work लगायतको निर्माण कार्यको रु.१०६७१११।४९ को लागत अनुमान र पुनलगायतको कामको रु.१०६७८८५।६५ को लागत अनुमान तथार गरी २ वटा अलग अलग लागत अनुमान तयार गरी उपभोक्ता मार्फत निर्माण कार्य गराई रु.१९२००००।—भुक्तानी खर्च लेखेको छ । एउटा भवन निर्माणको काममा टुक्रा पारी अलग लागत अनुमान तयार गरि उपभोक्ता मार्फत निर्माण कार्य गराउनुको आधार प्रमाण पेश हुन नआएकोले पालिकाबाट उक्त निर्माण कार्यको गराएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,२०,००० |

४८ **उपभोक्ता समितिद्वारा निर्माण कार्य**

सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम ९७ मा एक करोड रुपयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन सकिने व्यबस्था रहेको छ । पालिकाले भएकोट खानेपानी लिफ्टिङ् योजना कालिगण्डकी -२ को

कुल लागत अनुमान रु.१८९५४४०६।४४ रहेकोमा उक्त योजनाको कामलाई टुक्रा पारी मिति २०८०।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१२।३० मा २०७९।१२ २१ मा गठीत उपभोक्ता समितिसँग रु.८००८६८३।८६ को लागत अनुमान तयार गरि पालिकाबाट रु.७२०००००।— व्यहोर्ने र बाँकी उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता गरी लागत अनुमान बराबरकै निर्माण कार्य सम्पन्न गरी पालिकाबाट रु.७२०००००।— भुक्तानी खर्च लेखेको छ । कुल लागत अनुमान टुक्रा पारि पालिकाले जटिल प्रकृतीको कामलाई प्रतिस्पर्धाको माध्यमद्वारा गर्नु पर्नेमा उक्त खानेपानी योजनाको लागत अनुमान एक करोड रुपैंया भन्दा बढी रहेकोमा कुल लागत अनुमानलाई टुक्रा पारि नियमावलीमा भएको व्यबस्था विपरीत उपभोक्ता समितिद्वारा निर्माण कार्य गरी रु.७२०००००।- भुक्तानी खर्च लेखेको छ । पालिकासँग छलफल गर्दा उक्त निर्माण कार्यको लागत अनुमान बराबरको बजेट सुनिश्चतता नभएकोले नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिसँगबाट गराएको उल्लेख गरेको छ । पालिकाले यस्तो जटिल प्रकृतिको कार्य गर्दा प्रतिश्पर्धाको माध्यमबाट गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोलेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **विजक पेश नभएको**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १०,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **बाखा खोर निर्माण**

नमुना जलबायु कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७९ मा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धि व्यबस्था रहेको छ । पालिकाले ६० वटा बाखा खोर निर्माणको लागि भषाहा कृषि तथा पशुपंक्षी कृषक समुह कालिगण्डकी ३ जयखानीसंग २०७९।८।२९ भित्र कार्यक्रम सम्पन्न गर्ने गरी मिति २०७९।४।१२ मा पालिकाको रु-३००००००।—र जनसहभागिता रु-३३९७५१।—हुने गरि रु-३३४९७५१।—को सम्झौता गरी उक्त कार्यक्रम सञ्चालन गरे वापत पालिकाले ब्यहोर्ने रु.२९७००००।—भुक्तानी खर्च लेखेकोमा फाईल परीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्-

५२.१ **अनुगमन-** कार्यक्रम कार्यान्वयन सञ्चालन निर्देशिका,२०७९ मा समन्वय समितिले चौमाशिक रुपमार मन्त्रालयले कम्तीमा चौमासिक रुपमा स्थलगत अनुगमन गर्ने उल्लेख भएकोमा कृषक समुहबाट सञ्चालीत ६० वटा बाखा खोर निर्माण रु. २९७००००।-, विभिन्न ६ जना व्यक्तीको घर निर्माण वापत रु.१८०००००।-,तरकारी फलफुलखेती तल्लोघर उ.स. रु.३०००००।—यज्ञमुर्ती कृषि तथा पशुफार्म नमुना खोर निर्माण रु.२०००००।—बंगुरफार्म प्रबर्दन कार्यक्रमको बंगुरको खोर निर्माण रु.६०००००।—समेत रु.५८७००००।—को कार्यक्रमहरु सञ्चालन गरेकोमा सो को अनुगमन गरेको प्रमाण पेश हुन आएन । जलबायु नमुना कार्यक्रमबाट सञ्चालित कार्यक्रमको उपादेयता र प्रभावकारीताको सम्बन्धमा निर्देशिकामा भएको व्यबस्था अनुसार सम्बन्धित निकायबाट अनुगमन निरीक्षण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२.२ **कार्यक्रम समन्वय समिति-** कार्यक्रम कार्यान्वयन निर्देशिकामा जलबायु नमुना कार्यक्रम सञ्चालन गर्दा पालिकाको अध्यक्षको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरेर कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्नु पर्नेमा सो बमोजिम भए गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

५२.३ **कार्य सम्पन्न-** कालीगण्डी गाउँपालिका वार्ड नं.२ मा ३५ वटा र वार्ड नं. ५ मा २५ वटा गरि कुल खोर संख्या ६० वटा खोर निर्माण गरेकोमा अलग अलग व्यक्तीको घरमा निर्माण गरिएको भएता पनि प्रति खोर रु.५५८२९।२० का दरले ६० वटा खोरको एकमुष्ट रु.३३४९७५१।९५ को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईयो ।स्थान र प्रत्येक व्यक्तिको नाममा खोर निर्माण गरिएकोले अलग अलग कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२.४ **प्रगति- प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन सञ्चालन निर्देशिका,२०७९ मा सञ्चालित कार्यक्रमको कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रत्येक महिनाको भौतिक र वित्तीय प्रगति प्रतिवेदन मन्त्रालयलाई पठाउनु पर्नेमा पठाएको पाईएन । निर्देशिकामा भएको व्यबस्था बमोजिम प्रगती प्रतिवेदन सम्बन्धित निकायमा पठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **१५ शैया अस्पताल निर्माण**

गाँउपालिकाले वडा नं. ३ कनौटा जयखानीमा आवास सहित १४ रोपनी जग्गामा४३४८.४१ बर्ग मिटर क्षेत्रफलमा २.५ तलाको१५ शैयाको अस्पताल निर्माणको लागि निर्माण व्यबसायी महादेव खिम्ती श्रेष्ठ अञ्जना जेभी रेसुङ्गासँग मिति २०८०।२।२४ भित्र निर्माण कार्य सक्ने गरी २०७८।०२।२५ मा रु.१२३७१९३२९।९३ को सम्झौता गरेकोमा

शुरु तोकिएको मितिमा निर्माण कार्य सम्पन्न हुन नसकि हाल सम्म रु.१९१७३५९६।— भुक्तानी भएको छ । सम्झौता गरेको २ बर्ष ब्यतित भइ सक्दा समेत कार्य प्रगती न्युन देखिएको । निर्माण सम्पन्न गर्ने तोकिएको म्याद समेत सकिएकोले निर्माण व्याबसायीले म्याद थपको लागि निबेदन समेत पेश गरेको नदेखिएकोले निर्माण कार्यको म्याद सम्बन्धि कारबाही अगाडी बढाएको समेत पाइएन । सार्वजिनक खरिद नियमावलीमा भएको व्यबस्था बमोजिम म्याद थप गरी अथवा समयमा निर्माण कार्य सम्पन्न नगरेकोले सार्वजिनक खरिद नियमावली,२०६४ को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती लगाइ बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि पालिकाको ध्यान जानु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५४ **नन्फाइलर**

*४.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १४,७५,१२३।- सम्परीक्षण गरिएको ।)*

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ० |

५५ **नवप्रवर्तन साझेदारी कोष**

५५.१ आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालय र कोष तथा लेखानियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकास एवम् विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषको माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी २०७९।२।१३ मा सम्झौता गरिएको छ । पालिका र परीयोजना (नवप्रवर्धन साझेदारी कार्यक्रम) विच भएको सम्झौता अनुसार २०७९।२।१८ देखि २०८०।३।१५ सम्म रु.२१५०००००।—को सम्झौता भएकोमा परीयोजनाको तर्फबाट रु.१५००००००।—र पालिकाको योगदान रु.६५०००००।—रहने उल्लेख गरीएकोमा यो बर्षको खर्च रु.१३७९६०००।—तथा हालसम्मको खर्च रु.१५७०२०००।—मात्र भएको पाईयो । यसरी हेर्दा समग्रमा वित्तिय प्रगति ७०.०६ प्रतिशत देखिएकोमा परियोजना साझेदारीतर्फ ६९.२६ प्रतिशत र पालिका साझेदारीतर्फ ३०.७४ प्रतिशत मात्रै कार्यप्रगति भएको छ । पालिकाले लक्ष्य अनुसारको कार्यसम्पन्न गरी प्रगति तयार गर्नुपर्नेमा तोकिएअनुसारको प्रगती गरेको देखिएन, सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५५.२ **क)** पालिका र परियोजना विच २०७९।२।१३ भएकोमा सम्झौताको वुँदा न१६ मा परीयोजना प्रस्तावमा उल्लेखित क्रियाकलाप वाहेक अन्य कुनै क्षेत्रमा यो कोषको रकम खर्च गर्न पाईने छैन भनि उल्लेख गरीएको छ । सम्झौताको अनुसूची २ को "क"मा खर्चको बाँडफाँड गरेकोमा पालिकाले उपकरणको खर्च शिर्षकमा रु.२५०००००।—तथा निर्ण कार्यमा रु.४००००००।—खर्च गर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष उपकरणको खर्च शिर्षकमा खर्च गर्नुपर्ने सिमा रु. २५ लाख मध्ये ३० लाख खर्च गरेको तथा निर्माणमा रु.२० लाख मात्र खर्च गरेको छ । पालिकाले सम्झौताको

शर्त विपरीत रु.५००००० ।—आफ्नो अनूकूल हुनेगरी तथा आपसी सहमती एवं कार्यक्रमको संशोधन विना नै खर्च गरेको छ । यसरी सम्झौता विपरीत गरेको खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

५६ **योजना संचालन**

आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको समयमा कार्यक्रम गरी प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि यथार्थपरक लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले यस बर्ष संघिय शशर्त, प्रदेश शशर्त तथा गाउँपालिकाबाट विभिन्न योजनाहरु संचालन गरेकोमा देहाय लगायतका अधिकांश योजनाहरु छोटो समयको लागि आर्थिक बर्षको अन्त्यमा आएर सम्झौता गर्ने तथा लागत अनुमान तथा सम्पन्न गरेको विल भरपाई शतप्रतिशत बराबर हुने गरी पेश गरेको छ । पालिकाले समयमा कार्य नगरी आर्थिक बर्षको अन्त्यमा कार्यक्रम गर्दा मितव्यी, प्रभावकारी र प्रतिश्पर्धि नहुने देखिन्छ भने लागत अनुमान र कार्यसम्पन्न रकम शतप्रतिशत नै समान देखिदा योजनाको वास्तविकमा आधारीत रहेर लागत अनुमान नबनेको भन्ने पुष्ट्याई गर्छ । अतः समयमा नै कार्य गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| सि.नं | गो.भौ | योजनाको नाम | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| १ | २४५।०८०।३।११ | देउराली महिला विकास भवन निर्माण | ५३३३३३।- | ५३३३३३।- |
| २ | २४२।०८०।३।१२ | लप्सराङ्ग स्वा.ईकाई भवन निर्माण | १०६७५८१।६१ | १०६७५८१।६१ |
| ३ | ५३४।०८०।३।१२ | हिले सिद्धबाबा | ५४०८००।- | ५४०८००।- |
| ४ | ३००।२०/०३/२२ | श्री तुङ्ग तुलाकोट मा.वि.भवन मर्मत | ८६४०००।- | ८६४०००।- |
| ५ | २३०।/०३/१० | लेन्टुङ्ग दखि जयखानी मोटरबाटो निर्माण | ६४४८१० | ६४४८१० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **परामर्श सेवा**

५७.१ सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको शिलवन्दि दरभउपत्रबाट खरिद गरी रु.१४९३९०५।-खर्च लेखेको छ । पालिकाले लागत अनुमान तयार नै नगरी दरभाउपत्रको माध्यमबाट निम्नानुसारको कार्यहरु गराई भुक्तानी दिएको छ । पालिकाले नियमावलीको नियम २७ को प्रकृया समेतको आधारमा खरीद प्रकृया अगाडी बढाउनुपर्नेमा सोझै खरीद गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन ।

| सि.नं | गो.भौ. | खरीद कार्य | खरीद फर्म | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २३७।०८०।११ | अनलाईन व्यवसाय दर्ता | साईन हिल ई.कन्सल्टेन्सी | ४९१५५०।- |
| २ | २३९।०८०।३।११ | योजना सफ्टवेयर | दैलो टेक्नोलोजिज प्रा.ली. | ४८०२२५।- |
| ३ | ६४०।०८०।३।११ | कार्यसम्पादन करार मूल्याङ्कन | युनिभर्सल डेभलपमेण्ट सेण्टर एसिस्टेण्ट प्रा.ली | ४९७०००।- |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५७.२ *क.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १२,९६७।- सम्परीक्षण गरिएको ।)*

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ० |

५७.३ **ख)** पालिकाले उल्लेखित परामर्श कार्यको लागि परामर्शदाताले के के कार्य र के कति तथा कस्तो कार्यहरु गर्ने हो सो सम्वन्धमा विस्तृत विवरण खुल्ने गरी TOR दिएको पाईएन । जसले गर्दा परामर्शदाताको कार्य पपालिकाको कार्यकुशलता सहजताको लागि भन्दा पनि परामर्शदाताको अनुकूलता अनुसारको बन्ने देखियो । परामर्शदाताले सो कार्यको AMC Charge बार्षिक कति लाग्ने हो खुलाएको नपाईएकोले भविश्यमा जे जति चार्ज लाग्ने जानकारी दिन्छ सोहि लागतलाई स्विकार्न पालिका बाध्य हुने देखन्छ । अतः उल्लेखित सफ्टवेयरहरुलाई नेपाल सरकारको स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## ५८ परामर्शदाता मार्फत तालिम

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका र सशक्तिकरण विकास नेपालविच पालिकाबाट हुने विविध तालिम संचालनको लागि रु.१९९८८९०।९०मा सम्झौता भएको पाईयो । सम्झौता अनुसार विभिन्न ४ वटा क्रियाकलापहरु तोकिएको समयसिमा तथा वजेटको परीधीभित्र रहेर सम्पन्न गर्नुपर्ने देखिन्छ । उक्त फर्मले २०८०।३।१२ तोकिएअनुसारको कार्यसम्पन्न गरेको जनाई भुक्तानीको लागि माग गरेको र सोहि अनुसार पालिकाबाट गो.भौ.४।०८०।३।२२ बाट सो फर्मलाई रु.१९०३१३१।—भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५८.२ **क)** पालिका र फर्म विच भएको सम्झौतानुसार ४ वटा क्रियाकलापहरु मध्येको अन्तिम क्रियाकलापमा रहेको मौरीपालनको लागि प्रति तालिम रु.१४७४५०।—का दरले २०७९।१२।२७ देखि २०८०।३।२० सम्म ३ वाट तालिम संचालन

गरे पश्चात रु.४४२३५०।—भुक्तानी दिने उल्लेख छ । तर फर्मले पेश गरेको तालिम अनुसारको विस्तृत खर्च विवरणमा व्यावसायिक मौरी पालन सिप विकास तालिम तर्फ वडा नं ६ मा १५ जना सहभागि देखिएकोमा रु.१५८५३९।—खर्च दावि गरेकोले प्रतिव्यक्ती लागत रु.१०५७०।—परेको देखियो । त्यस्तै वडा नं ५ तुलनात्मक रुपमा सहज र सुगमस्थानमा रहेकोमा सो स्थानमा १५ जनासहभागिको लागिरु.२००५७५।—खर्च गरेको विवरण पेश गरेकोले वडा नं ६ को तथा आर्थिक प्रस्तावको तुलनामा रु.४२०३६।—बढी खर्च दावि गरेको छ । त्यस्तै वडा नं ३ जयखानीमा ८ जना मात्रै सहभागि रहेको अवस्थामा रु.१४०६२८।५० खर्च दावि गरेकोले रु.५६०७२।—खर्च दावि गरेको पाईयो । यसरी आर्थिक प्रस्तावको तुलनामा सो दुईवटा तालिममा जम्मा रु.९८१०८।—बढी खर्च दावि गरेको सम्वन्धमा सोको आधार पेश हुने अन्यथा असूल हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,१०८ |

५८.३ **ख)** पालिका र फर्म विच भएको सम्झौतानुसार ४ वटा क्रियाकलापहरु मध्येको तेस्रो क्रियाकलापमा रहेको बंगुरपालन तालिमको लागि प्रति तालिम रु.११०५४५।—का दरले २०७९।१२।२७ देखि २०८०।३।२० सम्म ४ वाट तालिम संचालन गरे पश्चात रु.४४२३५०।—भुक्तानी दिने उल्लेख छ । पालिकाले वडा नं ६ बाट तालिमको लागि सिफारीस गरीएका १५ जना कृषकहरु मध्ये १० जनालाई मात्रै सो फर्मले तालिम दिएको देखिन्छ । यसरी तोकिएका कृषकलाई तालिम नदिएको अवस्थामा समेत भुक्तानी पुरै दिईएको पाईएकोले प्रति व्यक्ति लागत रु.७७७४।—का दरले हुने रु.३८८६७।—सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,८६७ |

५९ **आरनको सामान वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा पेश हुन आएका विल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले भुक्तानी गर्नु अघि प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाको IPF संचालन तथा कार्यान्वयन समितिले शधुनिक आरन तालिममा सहभागिताको लागि सिफारीस भएका र तालिम प्राप्त गरेका उद्यमिहरुलाई आरनको सामानहरू वितरण गर्नको लागि विभिन्न सामानहरु नेशनल मेशिनरी हाउसबाट खरीद गरी गो.भौ.६।०८०।३।२२ बाट रु.८००८४५।—भुक्तानी दिएको छ । पालिकाले सो तालिम सामाग्री वितरण गर्दा तालिममा सहभागिताको लागि समितिले सिफारीस नगरेको तथा तालिममा समावेश नभएका केशर बहादुरको नाममा रु.३७७०९।—बराबरको सामान बुझाएको भरपाई पेश गरेको छ । यसरी सहभागिता नभएको व्यक्तीलाई सामान बुझाएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,७०९ |

६० **निर्माण कार्य पुरा नभएको**

**निर्माण कार्य पुरा नभएको-** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९६ मा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यबस्था रहेको छ । उक्त विद्यालयले ४ कोठे भवन निर्माण गर्नको लागि रु.५५७७७८१।—को लागत अनुमान तयार गरी सोही मुल्य बराबरको निर्माण कार्य सम्पन्न हुनु पर्नेमा विद्यालय व्यबस्थापन समितिले रु.३४८४८५५।५० को मात्र निर्माण कार्य सम्पन्न गरि पालिकाबाट रु.३१३३१९०।—भुक्तानी खर्च लेखेको छ ।

उक्त विद्यालयको इयाल ढोका, सिमेन्ट प्लाष्टर,पेन्ट ,वेदरकोट पेन्ट वाल निर्माण लगायत रु.२०९२९२६।—लागत मुल्य बराबरको निर्माण कार्य हुन बाँकी रहेको छ । पालिकाबाट उक्त विद्यालयको निर्माण हुन बाँकी रहेको कार्य सम्पन्न गरी सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्राविधिक प्रतिवेदन तयार गर्नु पर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९२,९२६ |

६१ **बढी भुक्तानी**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ९,०१८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **विद्यालयलाई लाईब्रेरी व्यवस्थापन**

विद्यालयलाई लाईब्रेरी व्यवस्थापनः को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईब्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । त्यस्तैस्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकले ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई निकासा दिएकोमासो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको अनुगमन समितिको प्रतिवेदन साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै विद्यालयले जिन्सी किताबमा दाखिला गरेको प्रमाण पेश हुने, रु.

| **सि.नं** | **विद्यालय** | **विज्ञान प्रयोगशाला** | **पुस्तकालय व्यवस्थापन** | **जम्मा** |
|---|---|---|---|---|
| १ | श्री जनकल्याण मा.वि | - | ६५००००।- | ६५००००।- |
| २ | श्री दुर्गा भवन मा.वि | ६५००००।- | - | ६५००००। |
| **जम्मा** | | **१३०००००।-** | **६५०००००।-** | **१३०००००।-** |

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ६,५०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

## ६३ राष्ट्रिय शिक्षा नीतिको पालना

६३.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३.२ **क)** गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३.३ **ख)** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **पालिका वजेटबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ। कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ भन्ने व्यवस्था छ । सोहि अनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने शशर्त वजेटबाट शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थि अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाले प्रथम त्रैमासिकमा ४९ जना शिक्षक दोस्रो त्रैमासिकमा ४८ जना, तेस्रो त्रैमासिकमा ४७ जना र चौथो त्रैमासिकमा ३७ जना अन्य शिक्षकको नाममा बार्षिक कूल रु.१४७४१२४८।-तलब भत्ता समानिकरण वजेटबाट भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,४७,४१,२४८ |

६५ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४४ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.५६।०७९।१०।१२ बाट रु.१६१३०२४।—दोस्रो किस्ता गो.भौ.९९।०७९।१२।२२ बाट रु.२१४९४२०।-तेस्रो किस्ता निकासा गो.भौ.१३६।०८०।३।१७ बाट रु.४३९३००।—र चौथों किस्ता गो.भौ.१९२।०८०।३।१० बाट रु.१५९००००।-गरी जम्मा रु.५७९१७४४।-विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

६५.१ **क)** विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराईस्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी कार्यालयले प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई तिन किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिनेतर्फ पालिकाले ध्यादिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५.२ **ख)** कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवाखाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित

खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विलभरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउनेउल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५.३ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १,०४,१३०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **बढी तलव भुक्तानी**

बढी तलव भुक्तानीः शिक्षा नियमावली, २०५९ (संशोधन सहित) अनुसार पालिकले शिक्षक किताबखानाबाट पारीत तलवी प्रतिवेदनको आधारमा मात्र शिक्षकको तलव भत्ता खर्च लेख्नुपर्ने तथा राजिनामा वा अवकास भएको दिनसम्मको दिनको सुविधा रकम निकासा दिनुपर्दछ । पालिकाको शिक्षक तलव निकासामा देखिएको विवरण निम्नानुसार छ ।

६६.१ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ४,६५४।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६.२ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. २,४४९।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६.३ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. २७,०५३।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **सेनीटरी प्याड खरीद**

६७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। गाउँपालीकाले नियमावलीको व्यवस्था अनुसार र सेनिटरी प्याड वितरण तथा व्यवस्थापन

कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार तोकिएको २४०mm+_२० लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको सेनीटरी प्याडको लागत अनुमान तयार नै नगरी तोकिएको साईज वेगरको ७८२६ सेनिटरी प्याड शिलवन्दि दरभाउपत्रको माध्यनबाट शान्तिचौर निर्माण एण्ड सप्लायर्स प्रा.ली.बाट प्रति प्याड रु.११५।—को दरले हुने रु.८९९९९०।—को सो खरीदगरी गो.भौ.२०५।०८०।३।१९ बाट भुक्तानी गरेको छ । यसरी लागत अनुमान विना खरीद गरेकोले प्रतिश्पर्धा छ एवं मितव्ययी छ भनि आश्वस्त हुन नसकिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८,९९,९९० |

६७.२ **क)** सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार २४०+- २० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको सेनीटरी प्याड खरीद गर्नुपर्ने उल्लेख छ । पालिकाले सो अनुसारको प्याड खरीद नगरी ३२० +- २० mm को साईजको प्याड खरीद गरेको छ । पालिकाले खरीद गरेको सो प्याड विद्यार्थिहरुको लागि अनुकूल साईजको देखिदैन भने लक्षित समुहले प्रयोग गर्नबाट वञ्चित हुनुपर्ने देखिन्छ । त्यस्तै विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौंथो त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्नेतर्फ धयान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६७.३ **ख)** पालिकाले खरीद गरेको उल्लेखित ७८२६ सेनिटरी प्याड जिन्सि खातामा मिति २०७९।३।१३ मा आम्दानी लेखेकोमा सो सेनिटरी प्याड लेखापरीक्षण अवधिसम्म समेत वितरण गरेको छैन । यसरी आर्थिक बर्षको अन्तिममा आएर खरीद गर्ने र सोको वितरण समेत नहुदा लक्ष्य अनुसारको उपलव्धी नहुने देखिन्छ । उल्लेखित सेनिटरी प्याड ७८२६ को हुने रकम रु.८९९९९०।-को सम्वन्धित लाभग्राहिलाई वितरण गरी सोको भरपाई पेश हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **अस्थायी शिक्षक**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार विद्यालयको स्विकृत शिक्षक तथा अन्य तरीकाले प्राप्त अनुदान कोटामा समेत शिक्षक नियुक्ती गर्दा प्रतिश्पर्धाको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष केहि विद्यालयहरुमा रीक्त दरवन्दिमा अस्थायी शिक्षकहरु नियुक्ती गर्दा आर्थिक पारदर्शिताको लागि प्रतिश्पर्धाको माध्यमबाट नियुक्ती गर्नुपर्नेमा देहायका विद्यालयहरुमा विस्थापित भएका शिक्षकहरुलाई शिक्षा विकास तथा समन्वय ईकाईबाट योग्यताक्रमको सूची मागेर नियुक्ती दिएको जनाएको छ । सो परीक्षण गर्दा शिक्षा विकास तथा समन्वय ईकाईबाट प्राप्त योग्यताक्रमको सूची निज शिक्षकहरु गत विगतमा भएको नियुक्ती मितिलाई आधार मानेर मात्रै पठाएको छ । परिवर्तित समय र शिक्षाको अवस्था अनुसार खुल्ला प्रतिश्पर्धाको माध्यमबाट नियुक्ती गर्नुपर्नेमा विगतको नियुक्तीलाई मात्र आधार मानेर नियुक्ती दिनु न्यायसंगत देखिदैन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| **सि.नं** | **विस्थापित विद्यालय** | **पुनः नियुक्त विद्यालय** | **शिक्षकको नाम** |
|---|---|---|---|
| १ | कराङ्गतुङ्ग प्रा.वि. | कोर्याङ्ग आ.वि. | राधा शर्मा भट्टराई |

| | | | |
|---|---|---|---|
| २ | तोलाकोट प्रा.वि. | देउराली मा.वि.खड्गकोट | प्रकृती थापा |
| ३ | देउराली मा.वि.खड्गकोट | लितुङ्ग मंगल आ.वि. | शोभादेवी सर्मा |
| ४ | जनज्योती आ.वि. | देउराली मा.वि.हर्मीचौर | तुलसी बर्लामी |
| ५ | जनकल्याण प्रा.वि. | भगवती मा.वि. | मन कुमार राना |

सैद्धान्तिक बेरुजु

६९ **शिक्षा शाखाको दरवन्दि**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० मा स्थानीय तथा प्रदेश सरकारले ससर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति, कार्यक्रम एवम् बजेटमा अनिवार्य रूपले समावेश गर्ने । उक्त कार्यक्रमहरू भुक्तानीमा दोहोरोपन नहुने गरी आवश्यकता अनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने र सोको कार्यान्वयन, अनुगमन र प्रतिवेदन गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुने उल्लेख छ । पालिकाबाट शिक्षातर्फको कार्यक्रम कार्यान्वयनको लागि छुट्टै दरवन्दि रहेकोमा सोको पदपूर्ति तर्फ ध्यान नदिई दुईजना विद्यालय शिक्षकहरुलाई काजमा पालिकामा राखि कार्यक्रम संचालन गर्नेगरेको देखियो । जसले गर्दा तोकिएको जिम्मेवारी पुरा गर्न शिक्षकहरु असमर्थ हुने देखिएकोले दरवन्दि अनुसारको कर्मचारी पूर्तिको लागि पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७० **तलवी भरपाई**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको त्रैमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टादाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका केहि विद्यालयहरुले सोको पालना गरेतापनि केहिले सोको पूर्ण रुपमा कार्यान्वयन गरेको पाईएन, जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७१ **शिक्षण सहयोग**

७१.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख

छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | शिक्षक दरवन्दी (मा.वि) | शिक्षक अनुदान | विद्यार्थि संख्या (९-१०) | अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| १ | दगौंखोला मा.वि. | १ | १ | ३५ जना | ४५५८८०।- |
| २ | जीवनोद्धार मा.वि. | ६ | १ | १११ जना | ४५५८८०।- |
| ३ | शुक्र मा.वि. | ० | १ | २६ जना | ४५५८८०।- |
| ४ | देउराली मा.वि. | ० | १ | २६ जना | ४५५८८०।- |
| **जम्मा** | | | | | **१८२३५२०।-** |

| सैद्धान्तिक बेरुजु |
|---|

७१.२ *✗.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ४,५५,८८०।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

७१.३ **ख)** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) विद्यालयलाई शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यसरी अनुदान दिंदा विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि अनुदान दिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई अनुदान दिएकोमा विद्यार्थि संख्या न्युन देखिन्छ । अतः आवश्यकता र निर्देशिकाको व्यवस्था अनुसार अनुदान दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | विद्यालय | शिक्षक दरवन्दी (६-८) | विद्यार्थि | शिक्षक अनुदान |
|---|---|---|---|---|
| १ | लितुन मंगलस्थान आ.वि | शुन्य रहेको | ३९ | १ जना |
| २ | कोरेङ्ग आ.वि. | शुन्य रहेको | २७ | १ जना |
| ३ | हिमालय आ.वि. | शुन्य रहेको | ४० | १ जना |
| ४ | तुङ तोलाकोट आ.वि. | शुन्य रहेको | ५२ | १ जना |

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७३ **सुन्तला पकेट**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद–४ को ४.१.४ मापकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा खाद्यान्न वालीको लागि न्यूनतम २० हेक्टर, आलु तरकारी वालीको लागि ७ र फलफूलको लागि ७ हेक्टर हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष पकेट विकास कार्यक्रमको लागि सुन्तला पकेटको लागि नयाँ कार्यक्रममा रकम विनियोजन भएकोमा पालिकाले २०७९१०।१० मा प्रस्ताव आव्हानको लागि सूचना प्रकाशन गरेको पाईयो । सूचना अनुसार दुई समुहको प्रस्ताव परेकोमा देउराली कृषक समुह, वडा नं २ को प्रस्ताव मापदण्ड पुरा नभएको जनाई श्री थानिबजै महिला कषक समुह वडा नं ३ लाई २०७९।१२।७ मा छनौट गरेको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन्।

७३.१ **क)** पालिकामा परेका प्रस्तावहरु मध्ये प्राविधिक समितिले सोको विवरणको परीक्षण गरी निर्णयको लागि कार्यपालिकामा सिफारीस गर्नुपर्नेमा प्राविधिक समितिले सिफारीस गरेको नभई कार्यपालिकाबाट सिधै निर्णय भएको छ । सो समुहको प्रस्तावमा ७५ जना कृषक रहेकोमा भिन्न ७ जना कृषकको मात्र जग्गाधनी पूर्जा समावेश भएको देखिन्छ जसले गर्दा पकेट संचालनको लागि आवश्यक न्युनतम चाहिने क्षेत्रफल ७ हेक्टरको मापदण्ड पुरा भएको छैन । समुहले पकेटको लागि चाहिने न्यनतम मापदण्ड पुरा नगरेको तथा कृषक समुहलाई छनौटको स्पष्ट आधार पेश गरेको छैन । यसरी मापदण्ड पुरा नगरी गो.भौ.२३१।०८०।३।२४ बाट रु.११७७५००।–भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| अनियमित भएको | ११,७७,५०० |
|---|---|

७३.२ **ख)** सुन्तला खेतिको नर्मस अनुसार ७ हेक्टर जमिनमा प्रति हेक्टर ४०० विरुवाको दरले कूल २८०० विरुवा रोप्न सकिन्छ ।तर सो कृषक समुहले सो क्षेत्रफलको लागि ५२६७ विरुवा खरीद गरेको जनाई विल भरपाई पेश

गरीगो.भौ.२३१।०८०।३।२४ बाट रु.११७७५००।—भुक्तानी लिएको छ । यसरी नर्मस अनुसार ७ हेक्टर जमिनमा लाग्ने विरुवा भन्दा २४६७ विरुवाको प्रति विरुवा रु.१५०।—का दरले हुने रु.३७००५०।—को बढी खर्च दावी गरेको पाईयो । सो बढी खर्च दावी रकमको पचास प्रतिशत समुहको योगदान कट्टा गरी हुन आउने पालिका योगदानमा बढी भुक्तानी रकम रु.१८५०२५।—सम्बन्धित समुहबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,०२५ |

७४ **पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद—४ को ४.१.४ मापकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा खाद्यान्न वालीको लागि न्यूनतम २० हेक्टर, आलु तरकारी वालीको लागि ७ र फलफूलको लागि ७ हेक्टर हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष पकेट विकास कार्यक्रमको लागि जम्मा रु.२४०००००।- रकम विनियोजन भएकोमा सो सम्वन्धमा देखिएको विवरणहरु निम्नानुसार छन ।

७४.१ **क)** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ मा निरन्तरताको लागि सूचना प्काशन गरेपश्चात् प्राप्त सूचना मध्ये पालिकाको प्राविधिक समितिको सिफारीसको आधारमा छनौट गर्नुपर्ने व्यवस्था च । तर पालीकालाई यस बर्ष किवी पकेट विकास कार्यक्रम (निरन्तरता) संचालनको लागि रु.६०००००।- रकम विनियोजन भएकोमा कार्यपालिकाको २०७९।१२।१७ को निर्णयबाट पेश हुनआएका ३ प्रस्ताव मध्ये हिले पार्सिङ्ग बहुउदेश्यिय कृषि तथापशुपंक्षी फर्म वडा नं-५ लाई छनौट गरी सम्झौता गरेको पाईयो । सम्झौता अनुसारको कूल लागत रु.२५६०००।१५ रहेकोमा प्रस्ताव अनुसारको लागत साझेदारी पालिकाले रु.१९७५१७।८० कृषकलाई भुक्तानी दिनुपर्ने र बाँकि योगदान कृषकको हुने देखिन्छ । तर पालिकाले गो.भौ.१७५।०८०।३।१२ बाट रु.२०९१३६।—भुक्तानी दिएकोले रु.११६१८।—बढी भुक्तानी भएको छ । सो रकम सम्वन्धितबाट असूल हुनुपर्ने देखिन्छ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६१८ |

७४.२ **ख)** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को ७.१ अनुसार पकेट कार्यक्रम संचालन गर्दा मलखाद, विउविजन खरीद, ज्यामी ज्याला लगायतको कार्यमा स्थानिय तह तथा कृषक समुहको समान योगदान रहने उल्लेख छ । पालिकाले कफि पकेट निरन्तरताको लागि सितल बस्ति कृषि फलफूल तथा पशुपंछि कृषक समुह, वडा नं ४ सँग २०८०।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।१२।३ मा सम्झौता गरेको पाईयो । समुहले सम्झौता वमोजिम नै विविध कार्य गरेको जनाई रु.६९५९००।—को विल भरपाई पेश गरेकोमा पालिकाले सोको आनुपातिक तथा सम्झौता अनुसारको हुने रकम रु.३४७९५०।—मात्र समुहलाई भुक्तानी दिनुपर्ने देखिन्छ । तर पालिकाले गो.भौ.२०८।०८०।३।११ बाट रु.५१००००।—भुक्तानी दिएको पाईएकोले रु१६२०५०।-बढि भुक्तानी दिएको छ । यसरी बढी निकासा रकम सम्वन्धीतबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६२,०५० |

७५ **परामर्श खर्च भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम बील भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले गो.भौ. नं ५१।२०७९।८।९ बाट राक्से सडक परियोजना निर्माण (DPR) तयार गर्नको लागि मिति २०७९।०८।०५ मा२ महिना १५ दिन भित्र प्रतिबेदन बुझाउने गरी New Dimension Engineering Service Pvt. Ltd, Kathmandu सँग सम्झौता गरेको छ । सम्झौता गरेको ५ दिनको अवधिमा मिति २०७९।०८।०९ मा उक्त प्रा.लि.लाई रु.४,८७,३४९।-भुक्तानी गरेको छ। परामर्शदाताले कुन मितिमा प्रतिबेदन पेश गरेको मिति उल्लेख नगरेको,छोटो समयमा प्रतिबेदन तयार गरेको आश्वस्त हुने आधार प्रमाण पेश हुन नआएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८७,३४९ |

७६ **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका पाँच लाख भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरीनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **कर्मचारी तालिम कार्यक्रम**

***X.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ९,४५०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट

भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका २५ वटा कार्यक्रम सञ्चालन गरी १४८ जनालाई र औषतमा ५१ दिन मात्र रोजगारी उपलव्ध गराई प्रशासनिक खर्चमा रु.१६६८०२५।-श्रमिक ज्यालामा रु.५१३४५६०।—सहित रु.६८०२५८५।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

७८.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार श्रमिकहरुको कामवापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यनतम पारिश्रमिक वा स्थानीय तहले निर्धारण गरेको दररेटमध्ये जुन बढी हुन्छ सोही दरका आधारमा निर्धारण गर्नु पर्नेछ भन्ने व्यवस्था अनुसार पालिकाले जिल्ला दररेटलाई संशोधन गरी कामदारको ज्याला दर रु.५७७।—बाट वृद्धि गरी रु.६८०।—का दरले भुक्तानी दिएको छ । जसले गर्दा बर्षभरी रु.७७७७३४।८४ बढी व्ययभार बढ्न गएको छ । पालिकाले वास्तविक र वैज्ञानिक लागत दररेटको आधारमा मात्र पारिश्रमिक निर्धारण तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७८.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८.३ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **पाठ्यपुस्तक वितरण**

*५.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. ८५,२२५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८० **सवारी साधन भाडा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा पुरै जिल्लाभरी वा जिल्लाको कुनै भागमा लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दररेट, मेशीन र उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न दररेट निर्धारण समिति रही उक्त दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट सार्वजनिक निकायले लागु गर्नुपर्ने व्यवस्था छ । गुल्मी जिल्लाको जिल्ला दररेट समितिले आ.ब २०७९।८० को लागि ७ सिटे गाडीको इन्धन सहितको दररेट प्रतिदिन रु.७,०००।- निर्धारण गरेको छ। पालिकाले गो.भौ.नं ९८।२०७९।०८।२७ बाट प्रतिदन रु.९,०००।-का दरले ५ दिनको लागि रु.४५,०००।-भुक्तान गरेकोले दररेट भन्दा बढी रकम प्रतिदिन रु.२,०००।-का दरले रु.१०,०००।—असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

८१ **म. ले. प. फारामले तोके बमोजिमकोआन्तरिक नियन्त्रण पद्दति**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

¬ म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

¬ म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

¬ म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२ **बेरुजु लगत**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

¬ म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,

¬ .ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

¬ म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८३ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **कोटेशनद्वारा निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु. १५४३२९७९।-मूल्य बराबरको विभिन्ननिर्माण कार्य गर्दा ऐन नियमको व्यवस्था पालना नगरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको देखिएको छ । यसरी नियमावलीको उपरोक्त प्रावधान विपरित सोझै खरिद भएकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५४,३२,९७९ |

**(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

८५.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।१० गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।१०।११ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।१२।३० गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।१७ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन। आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो। सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५.३ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा गएको हुदाँ छानविन गरी असुल गर्नुपर्ने रु.

| **समुह** | **लाभग्राहीको नाम** | **वडा नं.** | **लगत कट्टा मिति** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी** |
|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | देव कुमारी गरुङ | २ | २०७९।०५।२७ | ७६०० | १२००० | ४४०० |
| अन्य जेष्ठ नागरिक भत्ता | भैरव बहादुर सारु | ४ | २०७९।०७।२५ | ३३३३ | २४००० | २०६६७ |
| **जम्मा** | | | | | | **२५०६७** |

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु. १८,२६७।- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | २५,०६७ |
|---|---|

८५.४ **दोहोरो खाता नम्बरः** पालिकाको वडा नं. ७ को पहिलो त्रैमासिकमा भएको सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed को परीक्षण गर्दा निम्नानुसारका लाभग्राहीहरूको खाता नं. एउटै रहेको र सो खातामा दोहोरो भत्ता रकम भुक्तानी भएकोले सो सम्बन्धमा पालिकाले एउटै खाता नम्बरमा दोहोरो भुक्तानी भएको हो होइन सोको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| **सि.नं.** | **खाता नं.** | **समुह** | **लाभग्राहीको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ३२८०१००००२०६०११९ | अन्य जेष्ठ नागरिक भत्ता | कौशिला उपाध्याय | १२०००।- |
| | ३२८०१००००२०६०११९ | अन्य जेष्ठ नागरिक भत्ता | कुल बहादुर कार्की | १२०००।- |
| २ | ३२८०१०००००११२११९ | अन्य जेष्ठ नागरिक भत्ता | चन्द्रकला शार्की | १२०००।- |
| | ३२८०१०००००११२११९ | एकल महिला भत्ता | मनकुमारी दर्लामी | ७९८०।- |

| | | | | |
|---|---|---|---|---|
| ३ | ३२८०१००००२०२०११९ | अन्य जेष्ठ नागरिक भत्ता | टिका गिरी | १२०००।- |
| | ३२८०१००००२०२०११९ | अन्य जेष्ठ नागरिक भत्ता | यम बहादुर | १२०००।- |
| **जम्मा** | | | | **६७९८०।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,९८० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: कालीगण्डकी गाउँपालिका, गुल्मी , कालीगण्डकी गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Baburam Palli | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Hobnath Poudel | २०७९-५-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५२७,१३०.७ | ४७,२२०,६८९ | ६,४०९,८०० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५६,१५७,६१९.७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,१२५,८०५.७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५३,०३१,८१४ |

स्थानीय तह :

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ३३२२१२१८ |
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ३५४११५००० | **चालु खर्च** | ४६३४९०६८१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३५३४८००० | **पूँजीगत खर्च** | १३६१०५९७२ |
| **राजश्व बाँडफाँट** | ६९२०००८० | **वित्तीय/अन्य व्यवस्था** | ३७४४३१९९ |
| **आन्तरिक आय** | ६७९९१८६.० | | |
| **अन्य आय** | १५८०७९८५० | | |
| **कुल आय** | ६२३५४२११६ | **कुल खर्च** | ६३७०३९८५२ |
| **बाँकी मौज्दात** | | १९७२३४८२ | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण-अनुसूची-३**

एकीकृत वित्तीय विवरण-

| कालिगण्डकी गाउँपालिका स्थानीय संचित कोष | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र. सं** | **आय तर्फ** | | | **क्र. सं** | **व्ययतर्फ** | | |
| | | | | | | | |
| | **विवरण** | | **यसआ.व.को रु.** | | **विवरण** | | **यस आ.व.को रु.** |
| १ | **गत बर्षकोजिम्मेवारी** | | **३३२२१२१८.१** | १ | **चालु खर्च** | | **४६३४९०६८१.८** |
| | नगद | | | | संघ शसर्त | २०८०३७८५९.०० | |
| | | | | | प्रदेशशसर्त | ४९५५८९२.०० | |
| | बैक | २९२९०५९३.१ | | | प्रदेशविशेष | ०.०० | |
| | कल्याणकारीकोष | ० | | | गा पा | १३०३९४६९६.७५ | |
| | विपदव्यवस्थापन | | | | सामाजिकसुरक्षा | १२०१०२२३४.०० | |
| | धरौटि | ३९३०६२५ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **राजश्व (आन्तरिक आय)** | | **७५९९९२६७.१०** | २ | **पुजीगतखर्च** | | **१३६१०५९७२.०** |
| | आन्तरिकराजश्व | ६७९९१८६.८७ | | | गा पा | ९८१०१३६२ | |
| | संघ राजश्वबाँडफाड | ६३२६०४७३.०४ | | | संघ शसर्त | २७८९१२९६ | |
| | प्रदेशराजश्व | ५९३९६०७.१९ | | | प्रदेशशसर्त | ७७६६६८० | |
| | अन्यआय(मालपोत) | | | | संघ समपुरक | २५६५७२९ | |
| | | | | | प्रदेशविशेष | २३४६६३४.०० | |
| | | | | | प्रदेशसमपुरक | | |
| ३ | **वित्तियहस्तान्तरण संघ** | | **३५४११५०००.००** | | एकिकृत स्वास्थ्य तथा पूर्वाधार विकास कार्यक्रम | ० | |
| | वित्तियसमानिकरण अनुदान | ८८६१५००० | | ३ | **वित्तियव्यवस्था भुक्तानी** | | |
| | सशर्तअनुदान | २६२८६५०००.०० | | | ऋणभुक्तानी | | |
| | समपुरकअनुदान | २६३५००० | | | सावाँभुक्तानी | | |
| | विशेषअनुदान | ० | | | व्याजभुक्तानी | | |
| ४ | **प्रदेशसरकारबाट प्रास अनुदान** | | **३५३४८०००** | | अन्यभुक्तानी | | |
| | वित्तियसमानिकरण अनुदान | ५०९८००० | | ४ | **लगानी** | | |
| | सशर्तअनुदान | ८०००००० | | | ऋण लगानी | | |
| | समपुरकअनुदान | १३७५०००० | | | शेयर लगानी | | |
| | विशेषअनुदान | ८५००००० | | | अन्य लगानी | | |
| | | | | ५ | **धरौटिफिर्ता** | | ४९३१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | जि.स.स. | | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ६ | **विद्युतरोयल्टि** | | २७६७१६२९.९८ | ७ | **कोष फिर्ता** | | |
| ९ | **स्थानीयपूर्वाधार साझेदारी कार्यक्रम** | | ० | ८ | **मौज्दात** | | १९७२३४८२.२३ |
| १० | **एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** | | ० | | नगदमौज्दात | | |
| १३ | सामाजिक सुरक्षा | | १२०१०२२३४ | | बैकमौज्दात | १४४९४१६०.४३ | |
| १४ | **अन्तरस्थानिय तहबाट प्राप्त** | | | | **धरौटिमौज्दात** | ५२२९३२१.८ | |
| १५ | **वित्तियव्यवस्था प्राप्ति** | | | १० | **संघ तर्फकोअनुदान फिर्ता** | | **२७००५११६** |
| | ऋणप्राप्ति | | | ११ | **प्रदेशतर्फको फिर्ता** | | **१४३०७९४** |
| | सावाँप्राप्ति | | | १२ | गत बर्षकोबढी अल्या | | |
| | व्याजप्राप्ति | | | १३ | जनश्रमदानमौज्दात | | |
| | अन्यप्राप्ति | | | १४ | कोष खाताकोमौज्दात | | ० |
| १६ | **विभिन्नकोष तर्फको आय** | | | | नसाटिएका चेकको विवरण | | ० |
| | **कोभिड १९कोष** | | | ११ | | | |
| | **प्राकृतिकप्रकोप कोष** | | | १२ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | **जनसहभागिता (नगद)** | | | १<br>३ | | | |
| १८ | **विषयगतनिकायबाट प्राप्त रकम** | | | | | | |
| १९ | **धरौटि आय** | | **१३४८००६.८** | | | | |
| २० | **लगानीकोसावाँ फिर्ता** | | | | | | |
| २१ | **अन्य विविधआय** | | | | | | |
| २२ | **नव प्रवर्तन साझेदारीकार्यक्रम** | | **८९५७९७९** | | **नवप्रवर्तन साझेदारी कार्यक्रम** | | **८९५७९७९** |
| | hDdf | | **६५६७६३३३५** | | जम्मा | | ६५६७६३३३५.० |

**बेरूजु दफा २८ सँग सम्बन्धित विवरण-अनुसूची-४**

| **सि.नं** | **तालिमको नाम** | **तालिम अबधि** | **सहभागी सँख्या** | **प्रविधी हस्तान्तण** | **रकम रु.** |
|---|---|---|---|---|---|
| **१** | बुटिक तालिम | ३० दिन | १० जना | रिङ्ग | १५०००/- |
| **२** | मुडा तथा टोकरी बनाउने तालिम | ३० दिन | १०जना | हाते आरा/ह्याक्सो फ्रेम | १५०००/- |
| **३** | ढाँकाकपडाको ब्याग बनाउने तालिम | ३० दिन | १० जना | सिलाई मेशिन | ६८०००/- |
| ४ | सरफ/ साबुन बनाउने तालिम | ५ दिन | १० जना | शिलर मेशिन/ पलङ्गजर | २००००/- |
| **५** | मौरीपालन तालिम | ७ दिन | | | |
| ६ | मौरीपालन तालिम | ७ दिन | १५ जना | मौरिको घार | ७५०००/- |
| **७** | चाउमिन बनाउने तालिम | ७ दिन | ४ जना | चाउमिनमेशिन/स्टिम मेशिन | ६८०००/- |
| **८** | च्याउ खेती तालिम | ७ दिन | १२ जना | स्पे/प्लास्टिक तनेल | १००००/- |
| ९ | बाटेको धुप बनाउने तालिम | ५ दिन | ८ जना | कैचि | ८०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | चाउमिन बनाउने तालिम | ७ दिन | ४ जना | चाउमिन मेशिन/स्टिम मेशिन | ६८०००/- |

**बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| गो.भौ.नं.। मिति | खर्चको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३९६।२०८०।०१।०८ | श्री दुर्गा मा वि लाई पाइप खरिद | श्री दुर्गा मा. वि. | १००००० |
| ३९८।२०८०।०१।१० | उपल्लो माझथर कल्भट निर्माण | उपल्लो माझथर कल्भट निर्माण उपभोक्ता समिति | ९६००० |
| ३९९।२०८०।०१।१० | भाङखानी कुलो निर्माण | भाङखानी कुलो निर्माण उपभोक्ता समिति | १६८००० |
| ४१०।२०८०।०१।१२ | खहरेमाथिबाट पहिरोसम्म नाली निर्माण | खहरेमाथिबाट पहिरोसम्म नाली निर्माण उपभोक्ता समिति | १४४००० |
| ४१७।२०८०।०१।१२ | दिहिङ्ग साझेपाटा वाल निर्माण | दिहिङ्ग साझेपाटा वाल निर्माण उपभोक्ता समिति | ९६००० |
| ४२०।२०८०।०१।१३ | ठाँटी पहिरो नियन्त्रण वाल निर्माण | ठाँटी पहिरो नियन्त्रण उपभोक्ता समिति | ९६००० |
| ४३७।२०८०।०१।१९ | तमु खेल मैदान सचिवालय निर्माण | तमु खेल मैदान सचिवालय निर्माण उपभोक्ता समिति | १९२००० |
| ४४०।२०८०।०१।२८ | दलित माई मन्दिर निर्माण उपल्लो लुङरिङ | दलित माई मन्दिर निर्माण उपभोक्ता समिति | ९६००० |
| ४४१।२०८०।०१।२८ | चैया खानेपानी पाइप गाढ्ने कार्य | चैया खानेपानी उपभोक्ता समिति | १७२८०० |
| ४४२।२०८०।०१।२८ | माई मन्दिर निर्माण जोगितोला | माई मन्दिर निर्माण उपभोक्ता समिति | ४२००० |
| ४४३।२०८०।०१।२८ | फुर्से कुलो मर्मत | फुर्से कुलो मर्मत उपभोक्ता समिति | १४४००० |
| ४४४।२०८०।०१।२८ | गिदुवा कोटघर मर्मत | गिदुवा कोटघर मर्मत उपभोक्ता समिति | ९६००० |
| ४४७।२०८०।०१।२८ | टेका निर्माण वडा नं. १ | टेका निर्माण वडा नं. १ | ६७२००० |

| | | | |
|---|---|---|---|
| ४५०।२०८०।०२।०९ | पुर्तिघाट वारि बजार गोरेटोबाटो निर्माण | पुर्तिघाट वारि बजार गोरेटोबाटो निर्माण उपभोक्ता समिति | १४४००० |
| ४५२।२०८०।०२।०९ | शिला संरक्षण बगेनी ढुङ्गा | शिला संरक्षण बगेनी ढुङ्गा उपभोक्ता समिति | ४८००० |
| ४८२।२०८०।०२।१७ | सेमिफाट गोरेटो बाटो निर्माण | विर बहादुर राना | ४१५०० |
| ४८८।२०८०।०२।१८ | श्री चैया चालिसे प्रा.वि. वाल निर्माण | श्री चैया चालिसे प्रा.वि. | ९६००० |
| ४९८।२०८०।०२।२२ | गणेश मन्दिर पुजा स्थल निर्माण | गणेश मन्दिर पुजा स्थल निर्माण उपभोक्ता समिति | १४४००० |
| ४९९।२०८०।०२।२२ | नेटा दलित मन्दिर निर्माण | नेटा दलित मन्दिर निर्माण उपभोक्ता समिति | ९६००० |
| ५००।२०८०।०२।२४ | झिरबास विद्यालय कम्पाउण्ड तारबार निर्माण | झिरबास विद्यालय कम्पाउण्ड तारबार निर्माण उपभोक्ता समिति | ३८४००० |
| ५०७।२०८०।०२।२६ | श्रृजना क्लव खेलमैदान ढलान तथा तारबार निर्माण | श्रृजना क्लव खेलमैदान ढलान तथा तारबार उपभोक्ता समिति | २८८००० |
| ५३८।२०८०।०२।३० | माईथान मन्दिर संरक्षण वाल निर्माण | माईथान मन्दिर संरक्षण वाल निर्माण उपभोक्ता समिति | १४३७१५ |
| ५३९।२०८०।०२।३० | सानकोट खेलमैदान घेराबार निर्माण | सानकोट खेलमैदान घेराबार निर्माण उपभोक्ता समिति | १९२००० |

**बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण-अनुसूची-६**

| **क्र.सं.** | **व्यवसायी** | **पालिकाले न्यूनतम कायम गरेको रकम** | **कबोल रकम** | **मू.अ.कर** |
|---|---|---|---|---|
| १ | एसपी स्केप ट्रेडर्स, बुटवल १० | १,५०,०००/- | २,५५,०००/- | ३३,१५०/- |
| २ | मदन विष्ट | ३,५५,७२७/- | ३,८५,०००/- | ५००५०/- |
| ३ | आर.आर.वि.विविध सेवा | ३,७१,४०३/- | ३,७१,७००/- | ४८,३२१/- |
| ४ | प्रो. लायन कन्स्क्रट्रसन | ४,३२,३३६/- | ४,३२,३३६/- | ५६,२०३/६८ |
| ५ | ज्योती एण्ड ज्वाला कन्स्ट्रक्सन | २,५१,०००/- | २,५१,०००/- | ३२,६३०/- |

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण-अनुसूची-७**

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | एसपी स्केप ट्रेडर्स, बुटवल १० | कवाडी ठेक्का | २,५५,०००/- | ६४,०००/- | १९१००० |
| २ | आरआरविविविध सेवा | गिटी बालुवा बापतको ठेक्का | ३,७१,७००/- | ९२,९२५/- | २७८७७५ |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| कृषकको नाम | मेसिनको नाम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|
| नारायण राना | कम्वाईन मिल १ थान | ५५००० | २७५०० |
| क्षेत्र बहादुर थापा | कम्बाईन मिल १ थान | ५५००० | २७५०० |
| विबेक श्रेष्ठ | कम्बाईन मिल १ थान | ५५००० | २७५०० |
| सरुप थापा | कम्बाईन मिल १ थान | ५५००० | २७५०० |
| चन्द्र प्रकाश सुत्यराई | पावर टिलर २ थान | १६०००० | ८०००० |
| नारायण दत्त ढकाल | पावर टिलर १ थान | ६०००० | ३०००० |
| होम बहादुर थापा | पावर टिलर १ थान | ६०००० | ३०००० |
| हेम चन्द्र बुढा | पावर टिलर १ थान | ६०००० | ३०००० |
| ओम प्रसाद सिंजाली | पावर टिलर १ थान | ४५००० | २२५०० |
| घनश्याम ढकाल | पावर टिलर १ थान | २५००० | १२५०० |
| **जम्मा** | | **७१००००** | **३१५०००** |

**बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -९**

| गो.भौ.नं./मिति | खर्चको विवरण | हुनुपर्ने खर्च शिर्षक | भएको खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४८०।२०८०।०२।१७ | खाना तथा खाजा खर्च | विविध खर्च (२२७११) | मसलन्द तथा कार्यालय संचालन (२२३११) | ७४२८०।- |
| ४९१।२०८०।०२।१८ | खाना तथा खाजा खर्च | विविध खर्च (२२७११) | मसलन्द तथा कार्यालय संचालन (२२३११) | २४७७५।- |
| ४९७।२०८०।०२।१९ | खाना तथा खाजा खर्च | विविध खर्च (२२७११) | मसलन्द तथा कार्यालय संचालन (२२३११) | ९८६००।- |
| ५३२।२०८०।०२।३० | गाडी भाडा खर्च | सवारी साधन भाडा (२८१४३) | विविध (२२७११) | ४९०००।- |

| | | | | |
|---|---|---|---|---|
| ६२९।२०८०।०३।१९ | ढुवानी भाडा खर्च | सवारी साधन भाडा (२८१४३) | मसलन्द तथा कार्यालय संचालन (२२३११) | ५६५००।- |
| ६९१।२०८०।०३।२३ | सुचना प्रकाशन तथा प्रशारण खर्च | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन (२२३१५) | सेवा र परामर्श (२२४११) | २८०००।- |
| ६९३।२०८०।०३।२३ | लिची बिरुवा खरिद | कार्यक्रम खर्च (२२५२२) | सेवा र परामर्श (२२४११) | २६२५०।- |
| ६९८।२०८०।०३।२४ | इन्धन खर्च | इन्धन (२२२१२) | सेवा र परामर्श (२२४११) | ९९१०।- |
| **जम्मा** | | | | **३६७३१५।-** |

**बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण-अनुसूची-१०**

| **गो.भौ.नं.।मिति** | **कामको विवरण** | **निर्माण व्यवसायी** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २।०७९।०७।०३ | मोटरबाटो सफाई वार्ड नं. १ | काली गण्डकी निर्माण सेवा | ९९८३०४।- |
| ३।०७९।०७।०३ | मोटरबाटो वार्ड नं. २ आपखोला | शिला सालिग्राम कन्स्ट्रक्सन प्रा.लि. | ६९९५४५।- |
| ५।०७९।०७।०४ | वार्ड नं. ४ बाटो सफाई | पूर्तिघाट कन्स्ट्रक्सन प्रा.लि. | १९८७८५।- |
| ६।०७९।०७।०४ | वार्ड नं. ५ फोक्सिङ्ग मुल तथा शाखा बाटो | पूर्तिघाट कन्स्ट्रक्सन प्रा.लि. | ४९२९२६।- |
| ७।०७९।०७।०४ | वार्ड नं. ६ तिलाकोट दुपुङ्ग लैगा | डे ड्रिम कन्स्ट्रक्सन प्रा.लि. | २९९५९५।- |
| ८।०७९।०७।०४ | वार्ड नं. ३ बाटो सरसफाई | प्रतिक्षा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३८५३०६।- |
| १३७।०८०।०१।१९ | डाँडाखर्क छोद्रे मोटरबाटो निर्माण | ज्योति एण्ड ज्वाला कन्स्ट्रक्सन चतवन | ९५२५८३।- |
| ८९।०७९।१२।०८ | धोप्रा कुराङतुङ मोटरबाटो निर्माण | भि.ग्रुप कन्स्ट्रक्सन एण्ड डेभेलवमेन्ट | ४७७२७५।- |
| १३६।०८०।०१।१९ | वसेनी मदलिकोट तुथुम मोटरबाटो | देवज्योति कन्स्ट्रक्सन चितवन | ९५३४७३।- |
| २६।०७९।९।१८ | वार्ड नं. ५ फोक्सिङ्ग मुल तथा शाखा बाटो | सलामी निर्माण सेवा | ५०५९९९।- |

| | | | |
|---|---|---|---|
| २५।०७९।९।१४ | पूर्तिघाट काङनाखर्क सिरेनी वतलीको बाटो | सत्यवती निमार्ण सेवा | ७६०७६१।- |
| २२।०७९।८।२९ | पूर्तिघाट-अर्वेनी-पूर्तिघाट क्याम्पस-पूर्तिघाट | इन्द्र एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि. | २३०५०६।- |
| २१।०७९।८।२९ | पूर्तिघाट वरतवा र पूर्तिघाट भुतक अर्वेनी | इन्द्र एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि. | २३०५०६।- |
| २०।०७९।८।२९ | पूर्तिघाट घुमाउने फुर्से भुतक अर्वेनी मो.बा. | न्यू आर.आर. कन्स्ट्रक्सन प्रा.लि. | २०३७०१।- |
| १६।०७९।७।२५ | वार्ड नं. ७ को मोटरबाटो सफाई | लेखिका विल्डर्स प्रा.लि. | ४९७१२३।- |
| १५।०७९।७।४ | वार्ड नं. १ र ४ को मोटरबाटो सफाई | न्यू आर.आर. कन्स्ट्रक्सन प्रा.लि. | ३२१८६८।- |
| १४।०७९।७।४ | मुलबाटो मोटरबाटो सफाई | डे ड्रिम कन्स्ट्रक्सन प्रा.लि. | ३४०१६६।- |
| ३६।०७९।१०।११ | लेन्तुङजयखानी मोटरबाटो सफाई | गणपति ग्रुप अफ कम्पनी प्रा.लि. | ९५७८३२।- |
| ३९।२०७९।१०।१८ | उर्लेनी चापाखोर मोटरबाटो सफाई | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९९६८२।- |
| ४०।०७९।१०।१८ | वेलटारी जयखानी शिद्धबाबा ओखरभञ्याङ्ग | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २५१४९३।- |
| ४१।०७९।१०।१८ | भट्ट भिउखानी लम्सराङ बुझुङ्ग मोटरबाटो | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६७३८२।- |
| ४२।०७९।१०।१८ | घुमाउने तल्लो कोरेङ्ग कार्यखोला बाटो सफाई | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २७४८५।- |
| ४४।०७९।१०।१८ | तिलकचो देउराली दमादर मोटरबाटो सफाई | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९९४४२।- |
| ४५।०७९।१०।१८ | मूलपानी मोटरबाटो सफाई | रुद्रवेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १२५६८५।- |
| ६३।०७९।११।१२ | रानीखर्क तवारीखेत मोटरबाटो निर्माण | श्री कृष्ण निर्माण सेवा | ४९७९३२।- |

| | | | |
|---|---|---|---|
| ६२।०७९।११।१२ | भस्कोट भञ्ज्याङ्ग सिंह मोटरबाटो निर्माण | श्री कृष्ण निर्माण सेवा | ४९७९११।- |
| ८९।०७९।१२।८ | धोद्रा कराङतु मोटरबाटो निर्माण | भि.ग्रुप कन्स्ट्रक्सन एण्ड डेभेलवमेन्ट प्रा.लि. | ४७७२७५।- |
| ९३।०७९।१२।८ | कुलायनथान देखि विरिटा जाने मोटरबाटो | विद्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १०००००।- |
| ९४।०७९।१२।८ | मोटरबाटो सफाई वडा नं. १ | विद्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १२४५९५।- |
| १३३।०८०।१।१७ | मोटरबाटो सफाई वडा नं. ७ | न्यू आर.आर. कन्स्ट्रक्सन प्रा.लि. | १९८७६८।- |
| १३४।०८०।१।१९ | लपर्तुङ्ग शारदा प्रा.वि. मोटरबाटो निर्माण | लेखिका विल्डर्स प्रा.लि. | ८९७२२।- |
| १३६।०८०।१।१९ | बसेनी भदलिकोट तुथुम मोटरबाटो निर्माण | दिपज्योती कन्स्ट्रक्सन | ९५२४७३।- |
| १३७।०८०।१।१९ | डाँडाखर्क धोद्रे मोटरबाटो निर्माण | ज्योती एण्ड ज्वाला कन्स्ट्रक्सन | ९५२५८३।- |
| २४३।०८०।३।१८ | जोखिम क्याम्पस मोटरबाटो | लेखिका विल्डर्स प्रा.लि. | २८५१८६।- |
| २८२।०८०।३।२० | मठु मिउखानी लम्सराङ बुझुङ मोटरबाटो | एसिवन विल्डर्स एण्ड सप्लायर्स | ३५९१११।- |
| ३३५।०८०।३।२४ | छाप देखि सुख्खापोखरी मोटरबाटो सफाई | जयमाता दी आर.आर. कन्स्ट्रक्सन प्रा.लि. | ७२००००।- |
| **जम्मा** | | | **१५४३२९७९।-** |